प्रतिदिन १७औं वार्षिकोत्सव

राष्ट्रिय दैनिक

# प्रतिदिन

PRATIDIN NATIONAL DAILY

सुरक्षित घर निर्माण गरौं

घर निर्माण गर्दा-
- इञ्जिनियरको सल्लाह लिएर मात्र निर्माण गरौं ।
- भूकम्प प्रतिरोधि डिजाइन बनाऔं ।
- गुणस्तरीय सामग्री प्रयोग गरौं ।
- स्थानीय भू-सम्भाव्यता अनुसार निर्माण गरौं ।
- नियमित मर्मतसम्भार गरौं ।
- निर्माण अघि स्वीकृति लिऔं ।
- "बलियो घर निर्माण गरौं, सुरक्षित भविश्य बनाऔं"

नेपाल सरकार विज्ञापन बोर्ड

वर्ष-१७ ।। अङ्क : १३० ॥ २०८२ असार ०५ गते बिहिबार (19th June 2025 Thursday) Pratidin National Daily मूल्य-रु.५/-

## लक्ष्मीप्रसाद देवकोटा माविको लापरवाही

# विद्यार्थीले परीक्षा दिए, रिजल्ट आएन

भापा(प्रस)। भापा कचनकवल गाउँपालिका -२ सुक्नाडिघीमा रहेको लक्ष्मीप्रसाद देवकोटा नमुना माध्यमिक विद्यालयको लापरवाहीका कारण एकजना विद्यार्थीको भविष्य अन्धकारमय बनेको छ ।

विद्यालयले कक्षा ८ को पालिका स्तरीय परीक्षामा गरेको लापरवाहीका कारण परीक्षामा सामेल भएर पनि विद्यार्थीले नतिजा पाउन नसकेका हुन् । उक्त विद्यालयमा अध्ययनरत विद्यार्थी भैरवकुमार राजवंशीले कक्षा ८ को परीक्षाका लागि फारम भरेका थिए। परीक्षाको निर्धारित तालिका अनुसार परीक्षामा सामेल पनि भए । तर जब परीक्षाफल प्रकाशित भयो, उनको नतिजा आएन । उनी परीक्षामा अनुपस्थित देखिए ।

पालिकाबाट लिइने उक्त परीक्षाको लब्धांक-पत्र समेत पालिकाबाटै वितरण गरिन्छ। पालिकाले विद्यार्थी सूचीमा भैरवको नाम खोजी गर्दा उनको परीक्षा फारम नै विद्यालयले नभरेको देखियो। पालिका स्तरीय परीक्षाका लागि सम्पूर्ण विद्यार्थीहरुको विवरणसहित कक्षा ८ को परीक्षा फारम भर्ने जिम्मा विद्यालयको



हुन्छ । विद्यालयले फारम नभरेर आफ्नो भविष्यमाथि खेलवाड गरेको पीडित भैरवले बताए। 'फारम भर्न आवश्यक पर्ने रकम र फोटोसमेत विद्यालयलाई समयमै उपलब्ध गराएको थिएँ ' उनले भने , परीक्षा समेत दिएँ तर मेरो नतिजा आएन।' विद्यालयले छोराको फारम नभरेर भविष्यमाथि खेलवाड गरेको पीडित भैरवका पिताले गुनासो गरे।

लक्ष्मीप्रसाद देवकोटा नमुना माध्यमिक विद्यालयले पटक पटक यस किसिमको लापरवाही गर्दै आएको छ । दुई बर्षअघि कक्षा १२ मा पढ्ने ४ जना विद्यार्थीको भविष्यमाथि पनि त्यस्तै खेलवाड गर्यो । चार विद्यार्थीहरुले उक्त विद्यालयबाट १२ कक्षाको फारम भरे । उनीहरुले परीक्षा दिए तर नतिजामा अनुपस्थित देखियो। पछि बुझ्दा ती विद्यार्थीहरुको समेत फारम नभरेको पाइयो। विद्यार्थीहरुले विद्यालयकी प्रधानाध्यापक सुभद्रा अधिकारीसंग बुझ्दा उनले काठमाडौंमा बुझ्नु पर्छ भन्दै २ बर्ष भुलाएको पीडित विद्यार्थीहरुले गुनासो गरे । आफूहरु प्रधानाध्यापक अधिकारीका कारण पढाई छाडेर खाडी देशमा जान बाध्य भएको पीडित विद्यार्थीहरुको भनाई छ ।

घटना यतिमै सीमित छैन। गत बर्ष शिक्षक चाहियो भन्दै उक्त विद्यालयले बिज्ञापन खुलाई महिनौसम्म परीक्षा नगराएपछि आवेदकहरुले परीक्षा गराउनु पर्ने नत्र आफ्ना कागज पत्र र दस्तुर वापतको रु १५०० रुपैयाँ फिर्ता दिनु पर्ने अडान राखेपछि काजग पत्र मात्र फिर्ता गरिएको थियो । तर परीक्षा दस्तुर माग्दा प्रधानाध्यापक अधिकारीले ' तपाईहरुको नाम नै इन्ट्री छैन पैसा फिर्ता दिन मिल्दैन' भनी रित्तो हात फर्काएको आवेदकहरुले बताएका छन् ।

विद्यालयकी प्रधानाध्यापक अधिकारीले शिक्षक आन्दोलन र पालिकाले पनि अभिमुखीकरण नगराउँदा सो विद्यार्थीको फारम भराउन छुटेको स्वीकार गरिन् । उनले छुटेका विद्यार्थीको पुनः परीक्षा गराएको र नतिजा आउन बाँकी रहेको जानकारी दिइन् ।

# लालपुर्जा पाएपछि रोङका भूमिहीनहरु दंग

इलाम(प्रस)। ६० वर्षपछि लालपुर्जा पाएपछि इलाम रोङ-१ बड्कौलेका बृद्ध दिलबहादुर सुब्बाको हर्षको सीमा थिएन। उनी खुशी हुँदै आफ्नो लालपुर्जा साथीसंगीलाई देखाउँदै थिए । सुब्बा जन्मदै भूमिहीन थिए । ६० को दशक पार गर्दा बल्ल उनले भूमिहीनबाट जग्गाधनी बन्ने सौभाग्य पाएका हुन् ।

मंगलवार जग्गाधनी प्रमाणपुर्जा पाएका इलाम रोङ गाउँपालिका-१ शान्तिपुरका ७२ अव्यवस्थित बसोबासीको खुसी दिलबहादुरको जस्तै थियो । भूमि समस्या समाधान आयोगले रोङ गाउँपालिकासँग समन्वय गरेर लालपुर्जा वितरण गरेको आयोगका इलाम अध्यक्ष प्रकाश अधिकारीले बताए ।

रोङ गाउँपालिकामा दुई सय १२ जना भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीले निवेदन दिएका थिए । त्यसमध्ये एक सय ५० जनाको निर्णय भएको अध्यक्ष अधिकारीले बताए । ७२ जनाले मंगलबार लालपुर्जा पाएका छन् । बाँकी ७८ जनालाई क्रमिक रुपमा लालपुर्जा वितरण गरिने उनले बताए ।

'हामी जतिसक्दो चाँडो भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीहरुलाई जग्गाको धनी बनाउन लागिपरेका छौं,' अध्यक्ष अधिकारीले भने, 'हामीले पाएको जिम्मेवारीअनुसार जनताको अपेक्षा पूरा गर्ने कोसिस गरिरहेका छौं । असार मसान्तसम्म करिब सात सय जनालाई लालपुर्जा वितरण गर्ने तयारी भइरहेको छ ।'

रोङ गाउँपालिका अध्यक्ष मनीकुमार स्याङ्बोले भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीलाई जग्गाधनी प्रमाणपुर्जा उपलब्ध गराउन भूमि समस्या समाधान आयोगसँगको समन्वयमा काम गरिरहेको बताए । 'आयोगको काममा हामी जनप्रतिनिधि, कर्मचारी र राजनीतिक दलहरुले समेत जिम्मेवारपूर्ण तरिकाले सघाइरहेका छौं,' उनले भने, 'सबैको सहयोगमा कामले तीव्रता पाएको छ ।' सरकारले अघिल्लो आयोग विघटन नगरेको भए १ वर्ष पहिला नै रोङका सबैले लालपुर्जा पाइसक्ने उनको भनाई




थियो । पालिका उपाध्यक्ष विष्णुमाया भुजेलले जस्तोसुकै परिस्थितिको सामना गरेर भए पनि रोङमा बसोवास गर्ने सबै भूमिहीनको हातहातमा लालपुर्जा पुर्याउने प्रतिवद्धता व्यक्त गरिन् ।

पहिलो चरणमा इलामको रोङ गाउँपालिकासहित माङसेबुङ र चुलाचुली गाउँपालिका एवम् सूर्योदय र माई नगरपालिकामा भूमिसम्बन्धी समस्या समाधानका लागि प्रक्रियागत रुपमा काम भइरहेको आयोगका अध्यक्ष अधिकारीले बताए । उनले पिऽलडमा आउने स-साना समस्यामा नअल्भिएर आवश्यक समन्वय र सहयोग गर्न सबैसँग आग्रह समेत गरे ।

भूमि आयोगका केन्द्रीय अध्यक्ष हरिप्रसाद रिजालले संविधानले नै भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीले जग्गा पाउने अधिकार सुनिश्चित गरेको बताउँदै आयोगले सबैलाई लालपुर्जा उपलब्ध गराउने बताए । देशभर जिल्ला आयोगबाट लालपुर्जा वितरण सुरु भएको बताउँदै उनले २ वर्षभित्र सबै भूमिहीन जग्गाको मालिक बन्ने दावी गरे ।

रोङ गाउँपालिकाभरिबाट एक हजार आठ सय ६० जनाको आवेदन परेको छ । १ वर्षभित्र सबैलाई लालपुर्जा वितरण गरिसक्ने गरी काम गर्न पालिकाले सहयोग गर्ने गाउँपालिका अध्यक्ष स्याङ्बोले बताए ।

इलाममा २२ हजार दुई सय ४० जनाको निवेदन दर्ता भएको भूमि आयोग इलामले जनाएको छ । जसमध्ये दुई सय १० भूमिहीन दलित, नौ सय १० भूमिहीन सुकुम्बासी २१ हजार एक सय ३० अव्यवस्थित बसोबासीले निवेदन दर्ता गराएको भूमि आयोग इलामका अध्यक्ष अधिकारीले जानकारी दिए । भूमि समस्या समाधान आयोगका केन्द्रीय अध्यक्ष रिजालले भूमिहीन दिलबहादुर सुब्बालाई लालपुर्जा हस्तान्तरण गरेर लालपुर्जा वितरण कार्यक्रमको उद्घाटन गरेका थिए । कार्यक्रममा आयोगका केन्द्रीय सदस्य एवम् कोशी प्रदेश संयोजक अनिलकृष्ण प्रसाईं, जिल्ला समन्वय समिति इलामका प्रमुख जयप्रकाश राई, विभिन्न राजनीतिक दलका प्रतिनिधिलगायतको उपस्थिति रहेको थियो ।

# इजरायल र इरानबाट फर्कन चाहने नेपालीको विवरण संकलन सुरु

भापा(प्रस)। तेलअभिभस्थित नेपाली राजदूतावासले इजरायल र इरानबाट फर्कन चाहने नेपाली नागरिकको विवरण संकलन सुरु गरेको छ । इजरायल-इरान द्वन्द्व चर्किंदै जाँदा उद्धार तथा स्वदेश फिर्ताका लागि राजदूतावासले विवरण संकलन गरेको हो । 'इजरायलमा विकसित पछिल्लो परिस्थितिका



बीच समस्यामा/त्रासमा रहेका नेपाली नागरिकहरूको आवश्यकतानुसार उद्धार, स्वदेश फिर्ती तथा अन्य प्रयोजनका लागि आधार प्राप्त होस् भन्ने हेतुले दूतावासले सूचना संकलनको काम सुरु गरेको छ। यस प्रक्रियामा सहभागी हुन इच्छुक नेपाली नागरिकहरुले तलको लिंकमा क्लिक गरी रजिस्ट्रर गर्नु हुन अनुरोध गरिन्छ,' दूतावासको सूचनामा भनिएको छ ।

दूतावासका अनुसार इजरायलमा करिब ७ हजार र इरानमा १२ जना नेपाली रहेका छन् । इजरायलका लागि नेपाली राजदूत धनप्रसाद पण्डित फर्किन चाहनेहरू सम्पर्कमा आएको खण्डमा उनीहरूको संख्या हेरी आवश्यक योजना बनाउने बताउँछन् ।

# कुलोबाट चिप्लिएर लड्दा एकजनाको मृत्यु



भापा(प्रस)। पाँचथरमा कुलोबाट चिप्लिएर लड्दा एकजनाको मृत्यु भएको छ । बुधवार दिउँसो पाँचथर फिदिम नगरपालिका -११ खुङखोलाटारीमा रहेको तितरिरे दिमिरे फलाटे जल उपभोक्ता समितिको कुलो मर्मत गर्ने क्रममा वडा नं-१३ ओखरबोटे बस्ने २४ वर्षीय राजकुमार नेम्वाङ अचानक कुलोबाट चिप्लिएर २० मिटर तल खोलामा भरेका थिए । उनको घटनास्थलमा नै मृत्यु भएको हो । अस्थायी प्रहरी चौकी नागिनबाट प्रहरी टोली खटिएर घटनास्थल सुरक्षित राखेको र थप अनुसन्धान तथा कानुनी प्रकृयाको लागि जिल्ला प्रहरी कार्यालय पाँचथरबाट प्रहरी टोली गएको जनाइएको छ ।

# ट्र्याक्टरको डालाले ठोक्किएर मोटरसाइकल चालक घाइते

भापा(प्रस)। इलाममा ट्र्याक्टरको डालाले ठोक्किएर मोटरसाइकल चालक घाइते भएका छन् । बुधवार बिहान १०.५० बजे इलाम देउमाई नगरपालिका ९ चिसापानीस्थित भित्री सडकखण्डमा आङलाबुङबाट नवमीतर्फ आउँदै गरेको प्र.१-०१-०१३प ७६०१ नं को मोटरसाइकल प्र-१-०१-००१त९८३४ नं को ट्र्याक्टर आउँदै गरेको देखेर सडकमा साइड लगाएर बसेको थियो । चिसापानीबाट आङलाबुङतर्फ जाँदै गर्दा मोटरसाइकलसंग ट्र्याक्टरको पछाडिको डाला ठोक्किएको थियो । मोटरसाइकल चालक देउमाई -९ चिसापानी बस्ने २५ वर्षीय केशव मगर सडकबाट अन्दाजी १० मिटर तल खसेका थिए । घाइते मगरको टाउकोमा चोट लागेर स्थानीय मेडिकलमा सामान्य उपचारपश्चात् थप उपचारको लागि बिर्तासिटी अस्पताल बिर्तामोडतर्फ ल्याइएको छ । ट्र्याक्टर पनि सडकबाट अन्दाजी ३० मिटर तल खसेर पूर्णरुपमा क्षतिग्रस्त भएको छ । ट्र्याक्टर चालक सोही ठाउँ बस्ने २५ वर्षीय प्रदिप गिरी सकुशल रहेको प्रहरीले जनाएको छ ।

# टिपरले स्कुटरलाई ठक्कर दिँदा एकजनाको मृत्यु




भापा(प्रस) । विराटनगरमा टिपरको ठक्करबाट बुधवार दिउँसो एक जनाको मृत्यु भएको छ। विराटनगर महानगरपालिका-३ पञ्चेश्वर मन्दिरअगाडि को१क ९५३ नम्बरको टिपरले प्र १-०२-०४८ प ३७८१ नम्बरको स्कुटरलाई दिउँसो २:३० बजेतिर ठक्कर दिएको थियो।ब दुर्घटनामा परेर स्कुटरमा पछाडि सवार विराटनगर महानगरपालिका-१२ का अन्दाजी ४८ वर्षीय सुशील बजगाईंको मृत्यु भएको हो । शरीरको विभिन्न भागमा चोट लागेर गम्भीर घाइते बजगाईंलाई उपचारका लागि बूढीगंगाको विराट शिक्षण अस्पताल पुऱ्याउनसाथ चिकित्सकले मृत घोषित गरेको जानकारी प्रहरीले जनाएको छ ।

दुर्घटनालगत्तै टिपर र चालक कानेपोखरी गाउँपालिका-३ का ३३ वर्षीय कुलदीप चौधरीलाई प्रहरीले नियन्त्रणमा लिएर अनुसन्धान सुरु गरेको छ। प्रहरीका अनुसार दुर्घटनामा स्कुटर चालक सकुशल छन्।

# विद्युत् व्यापार गर्न निर्देशका बनाउँदै सरकार




भापा(प्रस)। सरकारले विद्युत् व्यापारमा निजी क्षेत्रलाई बाटो खुला गर्ने तयारी गरेको छ । विद्युत् नियमन आयोगले नेपालको विद्युत् प्रणालीलाई खुला पहुँच (ओपन एक्सेस) गराउन लागेको हो। आयोगले बुधबार 'खुला पहुँच निर्देशका, २०२५' को मस्यौदा सार्वजनिक गरेको छ ।

आयोगले सरोकारवालाहरूको राय सुझाव लिएर निर्देशका अन्तिम रूप दिने आयोगले तयारी गरिएको छ । आयोगका अनुसार सरोकारवालाहरूले ३० दिनभित्र निर्देशकाका लागि राय सुझाव दिइसक्नुपर्ने जनाएको छ। विद्युत् प्रणालीमा खुल्ला पहुँचको व्यवस्था गर्ने उद्देश्यका साथ यो निर्देशका जारी गर्न लागिएको आयोगले जनाएको छ।

आयोगका अनुसार विद्युत् प्रणालीमा खुल्ला पहुँच भनेको विद्युत् प्रसारण तथा वितरण पूर्वाधारमा स्वामित्व राख्ने निकाय-संस्थाबाहेक अन्य निकाय-संस्थाहरू (विद्युत् उत्पादक, विद्युत् व्यापारमा संलग्न कम्पनी, तथा ठुला विद्युत् उपभोक्ता समेत) ले विभेदरहित रूपमा प्रणाली प्रयोग गरेर बिजुली खरिद बिक्री गर्न पाउने

❖ बाँकी तेस्रो पृष्ठमा

झा.जि.हु.क. नं. ९६/०८०/०८१ । झा. जि.प्र.द.नं. १०४/२०६५/१०/०६ www.pratidindaily.com www.facebook.com/pratidinnationaldaily


# उदयपुरमा दुई युवायुवती मृत फेला



झापा(प्रस)। उदयपुरमा दुई युवायुवती मृत फेला परेका छन् ।

बुधवार बिहान ५ बजे उदयपुरको चौदण्डीगढी नगरपालिका वडा न. ४ मा एक युवती र एक युवकको शव फेला परेको हो ।

बाटो छेउमा लडिरहेको अवस्थामा अन्दाजी १७ वर्षीया मन्जु राईको शव फेला परेको हो भने नजिकै आँपको रुखमा झुण्डिएको अवस्थामा २८ वर्षीय रविन राईको शव फेला परेको छ । रबिनले मन्जुको हत्या गरि आफूले आत्महत्या गरेको हुनसक्ने आशंका गरिएको छ । जिल्ला प्रहरी कार्यालय उदयपुरका प्रमुख एसपी हरिहरनाथ योगीले शव पोस्टमार्टमका लागि बीपी स्वास्थ्य विज्ञान प्रतिष्ठान धरान पठाइएको र घटनाका विषयमा अनुसनधान सुरु भएको बताए ।

मृतक बालिका चौदण्डीगढी नगरपालिका-२ स्थित सिंहदेवी माध्यमिक विद्यालयमा कक्षा १० मा अध्ययनरत रहेको र युवक रबिन केही दिनअघि मात्र काठमाडौंबाट घर आएको बताइएको छ ।

# डीएसपी चन्दले प्रयोगमा ल्याए सीसीटीभीसहित 'स्मार्ट भ्यान'

झापा(प्रस)। कार्यालयमा थन्किएर बसेको थुनुवा ओसार्ने पुरानो भ्यानलाई प्रहरी वृत्त जनसेवाले 'स्मार्ट भ्यान' बनाएर अनुसन्धानमा प्रयोगमा ल्याएको छ ।

पुरानो टोयोटा भ्यानलाई मर्मत गरेर विपद् व्यवस्थापन र अनुसन्धानमा आवश्यक सबै सामग्री त्यसमा राखेर प्रयोगमा ल्याइएको हो ।

बीभत्स घटना हुँदा घटनास्थलको सुरक्षामा आवश्यक सामग्री, क्यामेरा, कम्प्युटर, प्रिन्टर, सोको किट बक्स, विपद् व्यवस्थापनमा आवश्यक उद्धार सामग्रीहरू भ्यानमा राखिएको छ । घटना भएपछि सामान खोज्नुपर्ने झन्झटबाट मुक्त हुनेगरी भ्यानलाई उद्धार र अनुसन्धानमा आवश्यक सामग्रीले




पूर्ण बनाइएको प्रहरी वृत्त जनसेवाका डीएसपी कृष्णकुमार चन्दले बताए ।

एफ-एए-०२९० नम्बरको भ्यानको अगाडि भागमा र पछाडि क्लोज सर्किट टेलिभिजन (सीसीटीभी) जडान गरिएको छ । ३० दिनसम्मको भिडियो रेकर्ड रहने सीसीटीभी जडान गरिएको डीएसपी चन्दले बताए । उनले भने, 'भ्यानमा वायरलेस इन्टरनेट पनि राखिएको छ ।'

घाइतेहरूलाई बोक्ने स्ट्रेचर र जघन्य प्रकृतिको हत्या जस्ता घटना अनुसन्धानमा जाँदा वारदात स्थलमा आवश्यक अनुसन्धान अधिकृतहरूले लगाउने कपडासहितका सामग्री सो भ्यानमा व्यवस्था गरिएको छ । भारतबाट मगाएर फरक प्रकारको साइरन जडान गरिएको डीएसपी चन्दले बताए । उनले भने, 'स्मार्ट शैलीबाट अनुसन्धान गर्न भ्यान सहयोगी हुनेछ, यसलाई हामी अपरेसनमा पनि प्रयोग गर्छौं ।'

सो अपरेसनल भ्यान २०५९ मा प्रहरी प्रधान कार्यालयले जनसेवा प्रहरीलाई दिएको थियो । लामो समय प्रयोग गरेपछि जीर्ण भएको भ्यानलाई मर्मत गरेर अहिले ७ प्रकारका अनुसन्धान, विपद् व्यवस्थापन र अपरेसन सामग्रीले भ्यानलाई सुसज्जित बनाइएको छ ।

अपराध अनुसन्धान र विपद् व्यवस्थापनमा 'स्मार्ट' भ्यान प्रयोगमा ल्याएकोमा जनसेवा वृतका प्रहरी नायव उपरीक्षक (डीएसपी) चन्दलाई पुरस्कृत गरिएको जिल्ला प्रहरी परिसर काठमाडौंका एसएसपी विश्व अधिकारीले बताए । उनले भने, 'अपराध अनुसन्धानमा हामी विस्तारै नयाँ शैली अपनाउँदै छौं ।'

# होटलमा बन्धक बनाइएका १२ किशोरीहरूको उद्धार

झापा (प्रस) । सुनसरीको इटहरी उपमहानगरपालिकाको एक होटलमा तीन दिनदेखि बन्धक बनाइएका १२ जना किशोरीहरुलाई प्रहरीले उद्धार गरेको छ । काममा लगाइदिने भनी अनलाइनबाट आवेदन दिएर आएका किशोरीहरुलाई बन्धक बनाई दुर्व्यवहार गरेको भनी प्रहरी कार्यालयमा परेको उजुरीका आधारमा किशोरीहरुको उद्धार गरेको हो।

उनीहरूमध्ये २ जना नाबालिका समेत रहेका छन्। इलाका प्रहरी कार्यालय, मानव अधिकारकर्मी, भ्वाइस अफ चिल्ड्रेन लगायतका सामाजिक संस्थाहरूको सक्रियतामा बन्धक बनाएर राखिएका बालिका तथा किशोरीहरूलाई मंगलबार उद्धार गरिएको इलाका प्रहरी कार्यालयका डीएसपी लक्ष्मी भण्डारीले जानकारी दिए।

उद्धार गरिएकामध्ये दुई जना नाबालिका रहेकोले स्वास्थ्य परीक्षण गरेर सुरक्षित स्थानमा राखिएको छ भने बाँकी अन्यलाई सोही होटलमा प्रहरीको सुरक्षा घेराभित्र राखिएको छ। इटहरी उपमहानगरपालिका-९ बसपार्क क्षेत्रस्थित बन्दना होटलको एउटै कोठामा बन्धक बनाइएका राखिएका बालिका तथा किशोरीहरूलाई उद्धार गरिएको बालअधिकारकर्मी भ्वाइस अफ चिल्ड्रेन कोसी प्रदेशका प्रमुख भरत थापाले जानकारी दिए।

सामाजिक संजालमा ब्लेस ग्लोबल इन्टर नेसनल नामक मार्केटिङ कम्पनीले मासिक १५ हजारदेखि ३० हजार रुपैयाँसम्म दिने विज्ञापन राखेकोले बालिकाहरू फारम भरेर नै यहाँसम्म आइपुगेको बताएका भ्वाइस अफ चिल्ड्रेन इटहरीको साइबर सेफ्टी परियोजनाका अधिकृत लिला भुजेलले जानकारी दिइन्।

यसरी बालिकाहरूलाई जागिर लगाइदिने प्रलोभन देखाई ल्याइएका बालबालिकाहरूलाई यौन दुर्व्यवहार समेत गरेको भन्ने पीडित बालिकाहरूले बताएको अधिकृत भुजेलले बताएकी छिन् । उनका अनुसार उनीहरूलाई उद्धार गरी सुरक्षित स्थानमा राखिएको छ, भने परिवारलाई सम्पर्क गरी जिम्मा लगाइने तयारी भइरहेको छ।

'दुई जना नाबालिका भएका कारणले स्वास्थ्य परीक्षण गरिएको छ, स्वास्थ्य परीक्षणको रिर्पोट आएपछि उनीहरूलाई पनि परिवारको जिम्मा लगाइने छ,' उनले भनिन्।

सुरुवातमा काठमाडौँमै एक महिना काम गरेर सुनसरीको इटहरीलाई केन्द्र बनाएर मार्केटिङ गर्न आएकामध्ये सिन्धुपाल्चोक घर भएकी २२ वर्षे युवतीले शरीर बन्धक बनाई यौन दुर्व्यवहार गरेको भनी प्रहरी कार्यालयमा दिएको उजुरीका आधारमा बालबालिकालाई उद्धार गरिएको प्रहरीले जनाएको छ ।

होटलमा राखेर बालबालिकालाई बन्धक बनाएको र यौन दुर्व्यवहारसमेत गरेको अभियोगमा वेल्सका मार्केटिङ म्यानेजरको रूपमा कार्यरत ओखलढुङ्गा खिजीदेम्बा गाँउपालिका-१ का २९ वर्षीय तिलक श्रेष्ठ र सोलु नेचाकी २२ वर्षे टीका कट्टेललाई नियन्त्रणमा लिई अनुसन्धान सुरु गरेको डीएसपी भण्डारीले जानकारी दिए।

बालबालिकाहरूलाई काममा लगाउने ब्लेस ग्लोबलका बारेमा समेत अनुसन्धान गर्ने काम भइरहेको उनले बताए ।

# लागूऔषधका दुई फरार प्रतिवादी १६ वर्षपछि पक्राउ

झापा(प्रस) । लागूऔषधका दुई फरार प्रतिवादी १६ वर्षपछि बिर्तामोडबाट पक्राउ परेका छन् । पक्राउ पर्नेहरुमा बिर्तामोड नगरपालिका ७ बस्ने १८ वर्षीया सर्मिला लिम्बू र बिर्तामोड वडा नं २ बस्ने २४ वर्षीय भुपेन्द्रसिंह राजवंशी रहेका छन् ।

झापा जिल्ला अदालतको २०६३ मंसिर २० गतेको फैसलाले १ महिना कैद भएको गर्भपतन मुद्दा र जिल्ला अदालतकै २०६६ जेठ ७ गतेको फैसलाले १ महिना ७ दिन कैद सजाय तोकिएको लागूऔषध मुद्दामा




सर्मिला लिम्बू फरार भएकी थिइन् । त्यस्तै जिल्ला अदालतको २०६६ जेठ ७ गतेको फैसलाले १ महिना ७ दिन कैद सजाय तोकिएका लागूऔषध मुद्दामा राजवंशी पनि फरार भएका थिए । मंगलवार दिउँसो ४.१५ बजे बिर्तामोड २ चारपानेबाट उनीहरुलाई पक्राउ गरिएको प्रहरीले जनाएको छ ।

# बहिनीको ब्वायफ्रेन्डले जबरजस्ती करणी गरेपछि .......



झापा(प्रस)। इलाममा मानसिक सन्तुलन ठीक नभएकी एक युवतीमाथि जबरजस्ती करणी भएको छ ।

घटना भएको आठ महिनापछि पीडितले प्रहरीलाई जाहेरी दिएका छन् । गत मंसिर ३० गते राति इलाम देउमाईमा मानसिक सन्तुलन ठिक नभएकी १९ वर्षीया युवतीलाई उनकै बहिनीको ब्वायफ्रेन्डले जबरजस्ती करणी गरेका थिए ।

मंगलवार जिल्ला प्रहरी कार्यालय इलाममा पीडितका बुबाले जाहेरी दिएपछि इलाका प्रहरी कार्यालय मंगलबारेबाट प्रहरी खटिएर पीडकको खोजतलास भइरहेको जनाइएको छ ।


**बिर्तामोड नगरपालिका नगर कार्यपालिकाको कार्यालय**
**कोशी प्रदेशको**

## १५ दिने सूचना

सधियार पूर्वः श्री सुस्मा घिमिरे, दक्षिणः श्री सेवन्ता अधिकारी चापागाई को नाममा जारी गरिएको ।

साविक अनारमनी गाविस वडा नं. ८ हाल बिर्तामोड नगरपालिका, वडा नं. ३ बस्ने श्री अनुजा बस्नेतले निजका नाममा दर्ता कायम रहेको तपसिल बमोजिम जग्गामा भवन अभिलेखिकरण प्रमाण पत्र पाउँ भनी निवेदन तथा घर नक्सा पेश गर्नु भएकोमा तपाईं सधियारको उपस्थिति नरहेकोले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ३१ को उपदफा (क) बमोजिम यो सूचना प्रकाशित गरिएको छ । ऊक्त विवरणमा कुनै हकदावी भए यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र आफ्नो प्रमाण सहित यस कार्यालयमा निवेदन पेश गर्नुहोला । म्यादभित्र कुनै दावी विरोध नभए कानुन बमोजिम भइजाने व्यहोरा समेत सुचित गरिन्छ ।

| जग्गा रहेको स्थान | सिट नं. | कित्ता नं. | क्षेत्रफल | नक्सा दर्ता | सूचना प्रकाशित मिति | सर्जिमिन मिति |
|---|---|---|---|---|---|---|
| बिर्तामोड न.पा ३ | १७९०१ ५९ | २०५ | २०१.३९ | २०८१/ ११ /११ | २०८१/ ११ /१२ | २०८२/ ०१/०७ |

नोटः असार ०३ गते प्रकाशित यो सूचनामा सर्जिमिन मिति अन्यथा भएकोले सच्याई पुनः प्रकाशित गरिएको ।



## बिमालेख हरायो

मेचीनगर निवासी पुर्णप्रसाद चौधरीको नाममा रहेको नेपाल लाईफ इन्स्योरेन्सको २०००२०९९३ नम्बरको पोलिसी पेपर धुलाबारीबाट बिर्तामोड जाने क्रममा २०८२/१/०३ गते हराएको हुँदा भेट्नुहुने महानुभावहरुले नजिकको प्रहरी कार्यालय वा तलको नम्बरमा सम्पर्क गरिदिनुहोला ।

**सम्पर्क : पुर्णप्रसाद चौधरी**
**ठेगाना: मेचीनगर ८ ,धुलाबारी**


# जलविद्युत् आयोजनाका कारण तातोपानी कुण्ड सङ्कटमा

म्याग्दी अन्नपूर्ण गाउँपालिका भएर बग्ने कालीगण्डकी नदी किनारका प्राकृतिक तातोपानीका मुहान जलविद्युत् आयोजनाका कारण सङ्कटमा परेका छन् ।

कालीगण्डकी नदीमा निर्माण सुरु भएका र निर्माण हुन लागेका जलविद्युत् आयोजनाको सुरुङबाट पानी बग्ने भएपछि किनारमा रहेका तातोपानीको मुहान सुक्ने र आर्थिक, सामाजिक, वातावरणीय रुपमा असर पुग्ने स्थानीयवासीको चिन्ता छ ।

अन्नपूर्ण गाउँपालिका–२ भुरुङ– तातोपानीमा आज आयोजना भएको ६६.३ मेगावाट क्षमताको मध्य कालीगण्डकी जलविद्युत् आयोजनाको पूरक वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनसम्बन्धी सार्वजनिक सुनुवाइमा प्रभावित क्षेत्रका बासिन्दाले तातोपानीको मुहानमा असर नपुग्ने गरी आयोजना बनाउन सुझाए ।

भुरुङ तातोपानीका अनिल हिराचनले विगतमा खोला गहिरिँदा, धार परिवर्तन हुँदा र थुनिँदाको असर तातोपानीको मुहानमा देखिएको अनुभव सुनाए । उनले कालीगण्डकीको पानी सुरुङमा हालेपछि पर्यटकीयस्थल तातोपानीको भविष्य सङ्कटमा पर्ने बताए ।

अर्का स्थानीयवासी आत्मा तुलाचन र अमृतमान शेरचनले अन्य आयोजनाको सुरुङ निर्माणका क्रममा जमिनमा हुने कम्पनका कारण प्रभावित क्षेत्रका पानीका मुहान सुक्ने समस्या देखिएको बताए । तातोपानीको मुहानमा असर पर्ने सुनिश्चितता गरेरमात्र जलविद्युत् आयोजना बनाउन उनीहरुले आग्रह गरे ।

अन्नपूर्ण गाउँपालिका–३ र ४ को सिमाना सुकेबगरमा बाँध, चार किलोमिटर ३१९ मिटर सुरुङ र वडा नं २ को सुकेबगरमा भूमिगत विद्युत्गृह प्रस्ताव गरिएको आयोजनाबाट अन्नपूर्णको २, ३, ४, ५ र ६ नम्बर वडा प्रभावित हुनेछ ।

आयोजना प्रभावित क्षेत्रमा भुरुङ र पाउद्वार तातोपानीको कुण्ड रहेका छन् ।


**नेपाल विद्युत प्राधिकरण**
**वितरण तथा ग्राहक सेवा निर्देशनालय**
**प्रदेश नं. १, प्रादेशिक कार्यालय,बिराटनगर**
**अनारमनी वितरण केन्द्र**

**फोन:**
०२३-५४१४९४ (कार्यालय)
०२३-५४०२९४ (फ्यूज सेवा)

## विद्युत आपुर्ति अवरुद्ध हुने बारेको सूचना

यस नेपाल विद्युत प्राधिकरण, अनारमनी वितरण केन्द्र अन्तर्गतका तपशिल बमोजिमका स्थानमा तपशिल बमोजिमको समयमा विद्युत आपूर्ती अवरुद्ध हुने बारेको व्यहोरा जानकारीको लागी अनुरोध छ । साथै यसबाट ग्राहक महानुभावहरुमा पर्न जाने असुविधा प्रति नेपाल विद्युत प्राधिकरण, अनारमनी वितरण केन्द्र क्षमाप्रार्थी छ ।

**मिति**: २०८२/०३/०५ **फिडरको नाम** : ११ के.भि. चारपाने र औद्योगिक फिडर
**स्थान**: बिर्तामोड २ औद्योगिक क्षेत्र लालमाटी कुमाल गाउँ हुँदै फेसबुक चोक सम्म र चैतुबारी हुँदै बुधबारे, बिहिबारे हुँदै घोडामारा स्कुल एरियाका सम्पूर्ण क्षेत्र
**समय**: बिहान ८ बजेदेखि दिउँसो ०४ बजेसम्म
**कारण** : सडक खण्डका विद्युतिय संरचना स्थानान्तरण गर्नुपर्ने

– नेपाल विद्युत प्राधिकरण
अनारमनी वितरण केन्द्र



**असल संस्कार र समृद्धिका लागि एनएमसी**

**नेपाल बहुउद्देश्यीय सहकारी संस्था लि.**
**कर्पोरेट कार्यालय : मेचीनगर–६, काँकरभिट्टा, कोशी प्रदेश**

## कर्जा बुझाउने सम्बन्धी १५ दिने सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८२/०३/०५**

यस संस्थाको बचत तथा ऋण व्यवसाय अन्तर्गतको सेवाकेन्द्रसँग कर्जा कारोबार गर्ने तपशिल अनुसारका ऋणी सदस्यहरुले संस्थालाई तिर्नु बुझाउनु पर्ने साँवा तथा ब्याजको नियमित मासिक किस्ता विगत लामो समयदेखि नबुझाएको र ऋण रकम बुझाउने किस्ता भाखा/अन्तिम भाखा समेत नाघिसकेको र पटक-पटक लिखित एवम् मौखिक तागेता गर्दा समेत अटेर गरी हालसम्म आफूले तिर्न बुझाउनु पर्ने सम्पूर्ण साँवा तथा ब्याज फरफारक नगरेको हुँदा यो सूचना जारी गरिएको छ । अतः यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र आफूले बुझाउन बाँकी सम्पूर्ण रकम बुझाउन वा बुझाइसकेको भए प्रमाणसहित संस्थामा सम्पर्क राख्न सूचित गरिन्छ । अन्यथा ऋणको सुरक्षण वापत संस्थामा रहेको धितो लिलामीका लागि प्रधान कार्यालय सिफारिस गरिने व्यहोरा सम्बन्धित सबैमा यसै सूचनाद्वारा सूचित गरिन्छ ।

तपसिल :

| क.सं. | ऋणीको नाम, थर | ठेगाना | बाबुको नाम | बाजेको नाम | पति/ पत्नी | जग्गाधनीको नाम | सेवाकेन्द्र |
|---|---|---|---|---|---|---|---|
| १. | गिता देवी नेपाल | मेचीनगर ३ | ठाकुरप्रसाद नेपाल | गंगाधर नेपाल | पर्शुराम नेपाल | चन्द्र कुमारी पोखेल | ईटाभट्टा |
| २. | देवीमाया थापा | मेचीनगर ७ | ओम बहादुर घिमिरे | टीकाराम घिमिरे | शेर बहादुर थापा | देवीमाया थापा | ईटाभट्टा |
| ३. | लिलाकुमारी मैनाली उप्रेती | मेचीनगर ७ | कृष्ण प्रसाद उप्रेती | चन्द्र ज्योती उप्रेती | शम्भु प्रसाद मैनाली | लिलाकुमारी मैनाली उप्रेती | ईटाभट्टा |
| ४. | गुलेन बहादुर धिमाल | मेचीनगर ८ | शिव धिमाल | जुहा धिमाल | दिपा धिमाल | गुलेन बहादुर धिमाल | ईटाभट्टा |
| ५. | जितनाथ योगी | मेचीनगर ३ | थमनाथ जोगी | डिल्लीनाथ जोगी | दिपा योगी | जितनाथ योगी | ईटाभट्टा |
| ६. | कविता धिमाल | मेचीनगर ८ | रेन्जी धिमाल | पैचातु धिमाल | सरिता मेचे | वासी धिमाल | ईटाभट्टा |
| ७. | रत्न बहादुर खुलाल | मेचीनगर ७ | लल बहादुर खुलाल | पहलमान खुलाल | शिवमाया खुलाल | रत्न बहादुर खुलाल | ईटाभट्टा |
| ८. | ढाका प्रसाद चम्लागांई | बुद्धशान्ति -७ | डिल्लीराम चम्लागांई | रंगलाल चम्लागाँई | निर्मला चम्लागांई | ढाका प्रसाद चम्लागांई | बुधबारे |
| ९. | महेन्द्र लावती | मेचीनगर ३ | श्री प्रसाद लावती | शेर बहादुर लावती | चन्द्रकला लावती | महेन्द्र लावती | वाहुण्डाँगी |
| १०. | कर्मप्रसाद गौतम | मेचीनगर ९ | अविकेशर गौतम | जगनप्रसाद गौतम | निरमाया प्रसाई | कर्मप्रसाद गौतम | खुट्टिडाँगी |
| ११. | मुकेश लिम्बु | मेचीनगर ९ | पदमबहादुर लिम्बु | मानध्वज लिम्बु | | पदमबहादुर लिम्बु | खुट्टिडाँगी |
| १२. | सुवास तामाङ | अर्जुनधारा-१० | खडग बहादुर तामाङ | लाल बहादुर तामाङ | धनमाया तामाङ | सुवास तामाङ | चारआली |
| १३. | दिपक तामाङ | मेचीनगर ६ | मान बहादुर तामाङ | फुर्वा तामाङ | उत्साह तामाङ | करुणा तामाङ | काँकरभिट्टा |
| १४. | संगिता बि.क | मेचीनगर ६ | राम बहादुर विश्वकर्मा | हर्कबहादुर विश्वकर्मा | दुर्गाबहादुर विश्वकर्मा | संगिता बि.क | काँकरभिट्टा |
| १५. | बिर बहादुर गजबीर | मेचीनगर ६ | जस बहादुर गजबीर | मोतीलाल गजबीर | देवी विश्वकर्मा | बिर बहादुर गजबीर | काँकरभिट्टा |
| १६. | साबित्रा न्यौपाने | मेचीनगर ६ | रामचन्द्र न्यौपाने | कृष्णलाल न्यौपाने | प्रेम नारायण ओझा | प्रेम नारायण ओझा | काँकरभिट्टा |
| १७. | श्रीमती उर्मिला राई राजवंशी | मेचीनगर ७ | गणेश प्रसाद राजवंशी | कालु प्रसाद राजवंशी | धन बहादुर राई | श्रीमती उर्मिला राई राजवंशी | काँकरभिट्टा |
| १८. | निर कुमारी तिम्सिना | मेचीनगर ६ | बृहस्पति काफले | तारा प्रसाद काफले | उत्तर कुमार तिम्सिना | निर कुमारी तिम्सिना | काँकरभिट्टा |

**नेपाल बहुउद्देश्यीय सहकारी संस्था लि.**
मेची क्षेत्रीय उपसमिति


नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

# आँपको सिजन

यतिबेला विशेषगरी तराई क्षेत्रमा आँप खाने मौसम सुरु भएको छ। फल्ने फलाउने काम तराईमा भए पनि यहाँको आँप सिंगै मुलुकभर पुग्ने गरेको छ। वसन्त ऋतुमा मञ्जरी लाग्ने, फुल्ने र चिचिला फल लागी ठूलो भएर प्रिय भोजनका लागि तयार हुने यो फल निकै स्वादिलो मानिन्छ। मालदह, बम्बई, काली, मिस्री, बिजुवा, सुपारी, आम्रलगायत अनेक जातको यो फल जातकै आधारमा सानो/ठूलो, बियाको आकारमा फरक तथा स्वादमा समेत पृथक पाइन्छ। समग्रमा जुन जात र रूप/रंगको भए पनि यो फल बालकदेखि ज्येष्ठ नागरिकसम्मका लागि निकै मन पराइँनेमा पर्छ।

खासगरी सिरहा र सप्तरीमा फल्ने आँप तराईका अन्य जिल्लाको तुलनामा अझ स्वादिलो मानिन्छ। सिरहाको मालदह जातको आँप भनेपछि राजधानी काठमाडौँलगायत सबैतिर लुछाचुँडी हुन्छ। पाकेको आँपमा सोडियम, ताम्र, गन्धक, म्याग्नेसियम, क्लोरोन तथा नायसिन जस्ता तत्त्व पाइन्छ। जसको सेवनले स्तन क्यान्सर, प्रोस्टेट क्यान्सर आदिबाट राहत मिल्ने स्वास्थ्यविद्‌हरूको राय छ। त्यसैगरी यसमा हुने भिटामिन ए र रेटिनोलले आँखाको शक्ति बढाउने र फाइबर र भिटामिन सीले प्रोटिन बढाउने अनि कोलेस्टेरोलको मात्रा घटाउने पनि उनीहरूको दाबी छ।

त्यति मात्र हैन, आँप फाइबर धेरै हुने भएकाले पाचनशक्तिलाई राम्रो बनाउनेदेखि यसमा हुने मालिक एसिड, टार्टारिक एसिड आदिले शरीरको अल्कालाइनलाई सन्तुलित राख्न मद्दत गर्ने हुँदै शरीरलाई रोग प्रतिरोधी तुल्याउन मद्दत गर्नेसमेतमा यो फलको भूमिका हुने देखिएको छ। कतिपयले आँप सेवनले प्रजनन क्षमता बढ्ने विश्वासमेत गर्छन् भने कतिपयचाहिँ छालाका काला दाग हटाउन पनि यो निकै लाभदायक हुने बताउँछन्। जे होस्, यो मौसमी फल स्वादमा मिठो त हुँदै हो साथै स्वास्थ्यका दृष्टिले समेत बहुआयामिक फाइदाको चिज भएकामा शंका मान्नु पर्दैन।

तर पछिल्लोपटक आँपमा पनि छलछाम प्रवृत्ति मौलाएसँगै आँप किसान, उत्पादन हुने ठाउँ र उपभोक्ता तीनैथरी मारमा पर्दै आएका छन्। मालदह आँपका लागि ख्याति कमाएको सिरहाको लहान अहिले यही मारको शिकार बनेको छ। काठमाडौँ लगायतका बजारमा लहानको गुलियो मालदह आँप भनेर अन्यत्रैको आँप बेचेको पाइएपछि यस्तो अवस्था सिर्जना भएको हो। भारतबाट ल्याइएका, हानिकारक रसायनद्वारा बेलै नभई पकाइएका तथा अन्य आँपलाई समेत यहींको भनेर भुक्याइने गरिएका घटना प्रशस्तै देखिएका छन्। जसका कारण लहानको आँप बदनाम हुने चिन्ता यहाँका किसानमा देखिएको छ।स्वदेशी उत्पादन उपयोग गरौँ।

Pratidin National Daily
प्रतिदिन

तपाई जहाँ भएपनि
प्रतिदिन दैनिक तपाईंसँगै
ताजा र विश्वसनीय खबरको लागि
लगइन गर्नुहोस
www.pratidindaily.com

# उत्प्रेरणा जगाउन पर्याप्त सुविधा



• तारा वाग्ले

सरकारले आर्थिक वर्ष २०८२/८३ को बजेटमार्फत निजामती कर्मचारीको मासिक रूपमा पाउने महँगी भत्ता भने तीन हजार रुपियाँ बढायो। हाल बहालवाला कर्मचारीले तलबबाहेक मासिक रूपमा दुई हजार रुपियाँ महँगी भत्ताबापत बुझ्दै आएका थिए भने आउँदो साउन १ गतेदेखि पाँच हजार रुपियाँ महँगी भत्ता पाउने छन्। कर्मचारीहरूले बजेट आउनुअघिदेखि नै पदोन्नति, तलबमान, मासिक ग्रेड वृद्धि जस्ता सेवा सुविधाबाट वञ्चित कर्मचारीहरूको तलब बढाउनुपर्ने माग राख्दै आएका थिए। सरकारले भने स्रोतको अभाव भएकाले तलब बढाउन नसक्ने जनाएको छ।

हरेक तीन वर्षमा सरकारी कर्मचारीको तलब बढाउनुपर्ने नियम छ। सरकारले यसअघि आव २०७९/८० को बजेटमा सबै सरकारी कर्मचारी र शिक्षकको तलब १५ प्रतिशतले वृद्धि गरेको थियो। उक्त तलबमान र पदीय मर्यादा नमिलेको भन्दै प्रश्न उठेपछि पूर्वमुख्य सचिव लिलामणि पौडेलको अध्यक्षतामा उच्चस्तरीय तलब सुविधा आयोग गठन गरिएको थियो। सो आयोगले दुई वर्षअघि सरकारी कर्मचारीको न्यूनतम तलव ३० हजार बनाउन सरकारलाई सुझाव दिएको थियो। आयोगले सरकारी कर्मचारीको विद्यमान तलबले समयानुकूल जीवनयापन गर्न कठिन भएको निचोड निकाल्दै आधार भूत आवश्यकता पूर्ति हुने गरी पदसोपानका आधारमा तलब समायोजन गर्नुपर्ने सुझाव दिए पनि सो सुझाव कार्यान्वयन भएको छैन।

हाल निजामतीतर्फ न्यूनतम तलब (कार्यालय सहयोगी) २४ हजार सात सय छ भने सबैभन्दा बढी मुख्य सचिवको सुरु तलब स्केल ७७ हजार २११ रुपियाँ छ। सो तलबले कर्मचारीको मासिक खर्च नै नधान्ने अवस्था रहेको भन्दै न्यूनतम चार सदस्यीय परिवार र तीन उपभोग युनिट मानेर तलब बढाउन सिफारिस गरिएको थियो। आयोगले तलब निर्धारण गर्दा १९ वटा पदमा मर्यादा र तलब मिलाउन सुझाव दिएको थियो। साथै न्यूनतम जीवनयापन गर्न पुग्ने तलब बनाउन मनलाग्दी रूपमा गरिँदै आएका खर्च कटौती गर्न र प्रणालीगत, सूत्रबद्ध र नतिजामुखी हिसाबमा तलब वृद्धि गर्न आयोगले सुझाएको थियो।

निजामती सेवा ऐन, २०४९ को दफा २७ मा नेपाल सरकारले गठन गरेको तलब भत्ता पुनरवलोकन समितिले प्रत्येक तीन वर्षमा तलब भत्ता तथा अन्य सुविधा पुनरवलोकन गर्ने उल्लेख छ। उक्त समितिले प्रत्येक तीन वर्षमा राजस्व वृद्धिदर, कुल दरबन्दी संख्या र विगत तीन वर्षमा मूल्य सूचीका आधारमा प्रदान गरिएको महँगी भत्तासमेतलाई आधार बनाई तलब, भत्ता तथा अन्य सुविधा पुनरवलोकन गर्न सरकारलाई सुझाउँदै आएको छ। देशमा महँगी बढ्नु, सङ्गठनहरूका उत्पादकत्वमा ह्रास, सरकारी संस्था नाफामा जान नसक्नु जस्ता कारणले हरेक वर्ष कर्मचारीको तलब वृद्धि गर्न नसक्ने सरकारले जनाएको छ। उक्त दफामा समितिको सिफारिसका आधारमा प्रत्येक वर्ष वृद्धि हुने उपभोक्ता मूल्य सूचीको ७५ प्रतिशतसम्म रकम प्रत्येक वर्ष भत्ताका रूपमा निजामती कर्मचारीलाई प्रदान गर्न सक्ने उल्लेख छ। त्यसरी प्रदान गरिएको भत्ता रकम सुरु तलब स्केलको २५ प्रतिशत वा सोभन्दा बढी हुन गएको वर्षमा २५ प्रतिशत रकम तलबमानमा समायोजन गरी बाँकी रकम भत्ताका रूपमा प्रदान गर्न सक्ने उल्लेख छ।

तलबका सम्बन्धमा हालसम्म गठन गरिएका आयोगहरूले चार सदस्यीय परिवारलाई तीन उपभोक्ता एकाइ मानी प्रतिव्यक्ति प्रतिदिन निश्चित क्यालोरी खाद्य पदार्थ, आवास खर्च, लुगा खर्च र अन्य खर्चका आधारमा न्यूनतम तलब निर्धारण गरी राज्यको क्षमता अनुसार सोभन्दा माथि सुविधा उपलब्ध गराउनुपर्ने सुझाव दिँदै २३०० क्यालोरीलाई आधार मान्न सिफारिस गरेका छन्। राष्ट्रसेवकको तलब सुविधासम्बन्धी प्रतिवेदन २०६६ ले पनि सोही क्यालोरीलाई आधार मानी सिफारिस गरेको थियो। अहिले निजामती सेवामा सबैभन्दा तल्लो तह र माथिल्लो तहको तलब अनुपात (कम्प्रेसन रेसियो) ३.३५ छ। माथिल्लो तहको कर्मचारीले तिर्नुपर्ने आय करको कारण वास्तविक अनुपातभन्दा पनि घट्ने विगतका प्रतिवेदनको निष्कर्ष छ।

कुनै पनि सङ्गठनले कर्मचारी वा कामदारलाई काममा लगाएबापत उचित पारिश्रमिक दिनु पर्छ भन्ने सर्वव्यापी नियम भए पनि कर्मचारीका लागि के काम गरेबापत कति तलब दिने भन्ने विषयमा भने एउटा पनि सर्वमान्य सिद्धान्त छैन। देशको आर्थिक स्थिति, सामाजिक प्रचलन, नागरिकको जीवनस्तर र कर्मचारीका चाहना जस्ता विभिन्न पदको अध्ययन विश्लेषण गरी परिस्थिति अनुरूप तलब निर्धारण गर्ने परिपाटी विकास भएको पाइन्छ। राज्यको शासकीय पद्धतिमा आएको परिवर्तनसँगै तलब निर्धारण सम्बन्धमा विभिन्न सर्वमान्य सिद्धान्त अवलम्बन गर्दै आएको पाइन्छ। रिकार्डो नामक विद्वान्ले जीवन निर्वाहको सिद्धान्त अर्थात् जीवन धान्नका लागि पुग्ने मात्र तलब दिने भन्ने व्यवस्था ल्याएका थिए। बढी तलब दिँदा फजुल खर्च गर्ने र कम हुँदा जनस्वास्थ्यमा असर पर्न सक्ने भन्ने मान्यता यस सिद्धान्तले राखेको पाइन्छ। त्यस्तै अर्थशास्त्रका विद्वान् 'एडम स्मिथ'ले ज्यालाकोषको सिद्धान्त अगाडि सारेका थिए। जसले कर्मचारीलाई ज्याला दिन एउटा कोष खडा गर्ने र कोषमा बढी रकम भए बढी र घटी रकम भए घटी तलब दिने मान्यता राख्छ। विज्ञहरूले कम्तीमा पनि कर्मचारीको सुरु तलबमान र अन्तिम (माथिल्लो तह) को अनुपात १:५ तथा सबैभन्दा तल्लो तहको तलबमानभन्दा अधिकृतस्तरको सुरु तलबमान कम्तीमा १:३ हुनु आवश्यक भएको बताउँदै आएका छन्।

निजामती कर्मचारीले पदमा बहाली गरेको मितिदेखि तलब पाउने, कार्यसम्पादन र समयावधि अनुसार तलब बढ्दै जाने तथा निलम्बनमा परेको बेलासमेत आधा तलब पाउने व्यवस्था छ। विभिन्न देशमा कामदार र सङ्गठनबिच भएको सौदाबाजीका आधारमा तलब निर्धारण हुने, कर्मचारीको कार्यसम्पादनलाई आधार मानी तलब दिने, सामाजिक मूल्यमान्यता तथा सम्मानको आधारमा तलब दिने जस्ता अभ्यास भएका छन्। प्रशासनविद्‌का अनुसार विभिन्न सेवा समूहका पदको तलबमानको निर्धारणमा आवश्यक शैक्षिक योग्यता प्राप्त गर्नका लागि हुने लगानी, पूर्वाधार, बौद्धिक क्षमता, प्रतिस्पर्धा तथा त्यो स्तरको कर्मचारीले बाहिर खुला बजारमा पाउने सेवा सुविधा तथा अवसरलाई पनि ख्याल गर्न सक्नु पर्छ।

विभिन्न प्रतिवेदनमा उल्लेखित सुझावका आधारमा सरकारी कर्मचारीहरूको मनोबल बढ्ने खालका व्यवस्था ल्याउन तथा प्रभावकारी सेवा प्रवाहको सुनिश्चितता दिलाउन विभिन्न नीति तथा कार्यक्रम अगाडि सारेको छ। आगामी आव २०८२/८३ को नीति तथा कार्यक्रममा सरकारले निजामती कर्मचारीको सेवा सुविधा र व्यवसायजन्य सुरक्षालाई उत्प्रेरक र पूर्वानुमानयोग्य बनाई राष्ट्रसेवकको मनोबल उच्च राख्ने घोषणा गरेको छ। कर्मचारीले उत्प्रेरित भएर काम गरेमा मात्र सेवा प्रवाह प्रभावकारी हुनुका साथै नागरिकले शासकीय सुधार, सुशासन र विकासको अनुभूति गर्न पाउँछन्। नागरिकलाई सरकारको उपस्थितिको बोध गराउँदै देशमा कानुनी शासनको जग बसाल्ने भनेकै जनउत्तरदायी प्रशासन र प्रतिबद्ध कर्मचारीतन्त्रले हो।

राज्यको उदय नै सेवा प्रवाहका लागि भएको हो भन्ने अवधारणा आएसँगै प्रभावकारी, सुलभ, छरितो र जनमुखी सेवा प्रवाह गर्न सक्षम र विश्वसनीय कर्मचारीतन्त्रको खाँचो छ। सरकारले विभिन्न आयोग गठन गरी कर्मचारीका माग र आवश्यकता अनुरूप विभिन्न तालिम, वृत्तिविकासका अवसर, भ्रमणलगायतका सेवा सुविधा दिँदै आएको छ तर राजपत्र अनङ्कित कर्मचारीहरूले लामो समयसम्म पदोन्नति, तलब तथा सेवा सुविधाको समयानुकूल परिमार्जन र मासिक ग्रेड वृद्धि जस्ता सुविधाबाट वञ्चित भएको गुनासो गर्छन्। निजामती सेवाभित्रका विभिन्न सेवा समूह र तहका कर्मचारीबिच सरुवा बढुवा, पदस्थापन तथा सेवा सुविधामा एकरूपता नभएकाले कर्मचारीहरू कामप्रति बफादार हुन नसकेको उनीहरूको तर्क छ। पर्याप्त तलब नभएको कारण कर्मचारीमा उत्प्रेरणा वा मनोबल कम हुने, योग्य व्यक्तिका प्रवेशमा कमी, प्रतिभा पलायन, अनियमितता र भ्रष्टाचार बढ्ने जस्ता प्रवृत्ति देखा परेका छन्। कर्मचारीको आवश्यकता पूरा हुने गरी तलब दिन सकेमा कर्मचारीमा काम गर्ने उत्प्रेरणा बढ्नुका साथै सङ्गठनमा भ्रष्टाचार हुन पाउँदैन। साथै सरकारी सेवाको गुणस्तर, गरिमा र उत्पादकत्व वृद्धि हुनुका साथै कर्मचारीको कामप्रतिको जाँगर र मनोबल पनि बढ्ने छ।

# चुनौतीका माझ कर्मचारीतन्त्र



• डा.गोविन्दप्रसाद कुसुम

पुँजीवादी अर्थव्यवस्था अन्तर्गत औद्योगिकीकरणको प्रचण्ड लहर चलिरहेको समयमा मैक्सवेबरले जर्मनीलगायत समग्र युरोपको आर्थिक, सामाजिक र राजनीतिक अवस्थालाई नजिकबाट अनुभव गरे र गहिरो अध्ययन गरे। आफ्नो बुबा निजामती सेवामा भएकाले पनि उनलाई जर्मनीको सिङ्गो शासकीय राजनीतिमा कर्मचारीतन्त्रले कसरी काम गर्नु पर्छ भन्नेबारे ठोस अवधारणा स्थापित गर्न सहयोग पुग्यो। उनी एउटा निचोडमा पुगे- सरकारको प्रभावकारिता वृद्धिमा समग्र कर्मचारीतन्त्रको निष्पक्षता र अवैयक्तिक सोचले इमानदार भूमिका निर्वाह गर्न सक्छ। उनले पदसोपान, कार्य विभाजन, विशिष्टीकृत कार्य, कानुन अनुसार मात्र कार्य गर्ने, प्रक्रियामा नचुक्ने, निष्पक्षता, योग्यतामा आधारित छनोट र वृत्ति विकास आदिमा जोड दिए।

सार्वजनिक प्रशासनका पिताको नामले चिनाइएका 'विड्रो विल्सन' ले उन्नाइसौँ शताब्दीको उत्तरार्धतिर अमेरिकी राजनीतिमा देखिएको राजनीतिक र प्रशासनिक विसङ्गतिलाई अध्ययन गरे। अमेरिकी राजनीतिक भ्रष्टाचार र स्पाइल सिस्टम (भ्रष्ट प्रणाली) को कारणबाट आक्रोशित बनेको युवा वर्ग र समाजको विश्लेषण गरे। 'म्याक्सवेबर' को कर्मचारीतन्त्रबारे स्थापित विचारलाई नजिकबाट बुझे। परिणमतः उनले असल शासकीय अभ्यासका लागि व्यावसायिक, गैरराजनीतिक, तटस्थ र निष्पक्षता रहेको प्रशासन हुनुपर्नेमा विशेष जोड दिँदै सार्वजनिक प्रशासनलाई योग्यता प्रणालीमा आधारित छुट्टै प्राज्ञिक विधाको रूपमा स्थापित गरे।

नेपालले अवलम्बन गर्दै आएको कर्मचारीतन्त्रले 'मैक्सवेबर' को अवधारणालाई सिद्धान्ततः प्रयोग गर्दै आएको छ भने ' विड्रो विल्सन' को सार्वजनिक प्रशासनबारे उल्लेखित विचारलाई प्राज्ञिक अध्ययनभित्र समावेश गराई नेपालको सार्वजनिक प्रशासनमा प्रयोग भएको छ। प्रशासनका यी दुई अवधारणाले माग गरेको कर्मचारीतन्त्र सोही अनुसार गएको छ छैन भन्ने बारेमा वर्तमान प्रशासनिक क्रियाकलापबाट बुझ्नुपर्ने हुन्छ।

### संवेदनशीलताको व्यवस्थापन

जोसेफ नाइको उदारवादी अवधारणाले सन् १९९० पश्चात् विशाल आकार लिएपछि अन्य विकासशील देशले जस्तै नेपालले पनि उदारवादी आर्थिक, सामाजिक र शासकीय नीति अवलम्बन गऱ्यो। यस अवधारणाले समग्र शासकीय क्षेत्रमा परम्परावादी सोचभन्दा पृथक् रूपमा नयाँ परिवर्तनको थालनी गरायो। तर त्यसले 'वेबर' र 'विल्सन' का मूलभूत विचारलाई बेवास्ता गरेन। उदारवादलाई बोक्ने नयाँ सार्वजनिक व्यवस्थापनको अभ्यास सुरु भयो। मोटो होइन, फुर्तिलो सरकार, सुस्त होइन, गतिशील निजी क्षेत्र र बाबुसाहेबी होइन, जनसेवी प्रशासन बनाउने प्रयास भए। सेवा प्रदायक आमनागरिकका सेवक हुन् भन्ने मान्यता स्थापित गराउन खोजियो तर त्यस प्रकारको प्रशासनिक संस्कार र कार्यसंस्कृति विकास हुन सकेन। किन ? यो प्रश्नले उत्तर खोजिरहेको छ तर कर्मचारीतन्त्रको सकारात्मक परिणाममुखी सेवा प्रदान गर्ने अभीष्टमा जुन सुस्तता देखा परिरहेको छ, त्यसबारे गहिरो अध्ययनको आवश्यकता छ। सार्वजनिक नीतिलाई सफल कार्यान्वयन गर्ने गराउने जिम्मेवारी शासकीय संयन्त्रको रूपमा रहेको कर्मचारीतन्त्रउपर छ। उसको दक्षता र क्षमताले राष्ट्रिय संवेदनशीलताको व्यवस्थापन गर्नु पर्छ।

देश सानो होस् वा ठुलो, उसको आफ्नै चरित्र र मूल्यमान्यता हुन्छन्। राष्ट्रिय पहिचान, एकता, सार्वभौमिकता, जनताको भावना आदिले सिङ्गो संवेदनशीलताको पक्षलाई सम्बोधन गरिरहन्छन्। संवेदनशीलताका विभिन्न पक्ष र आयामउपर शासकीय नीति निर्माण, शासन प्रबन्धन र शासकीय मामिलाको कार्यान्वयन पक्षले सन्तुलित ढङ्गबाट सम्बोधन र व्यवस्थापन गर्नु जरुरी हुन्छ। यसमा कर्मचारीतन्त्रको कार्यशैली, सिप, ज्ञान र चारित्रिक संस्कारको परिणाममुखी भूमिका रहन्छ। स्थायी सरकारको उपमा भित्र रहेको कर्मचारीतन्त्रले राष्ट्रिय संवेदनशीलताका विभिन्न पक्षलाई गहिराइमा बुझ्न नसक्दा सामाजिक विग्रह र द्वन्द्व हुने सम्भावना रहन्छ। समाजभित्र रहेका विभिन्न वर्ग, समुदाय, जाति र विभिन्न समूहबिचमा अनिवार्य तत्वको रूपमा रहने सौहार्दताको क्षय हुन थाल्छ र लोकतान्त्रिक प्रणाली र यसको राजनीतिक एवं प्रशासनिक संस्थाउपरको जनविश्वास डगमगाउने गर्छ।

यस्तो स्थितिले सिङ्गो मुलुक अराजकतातर्फ मोडिने स्थिति बन्न सुरु गर्छ। जब अराजकताले टाउको उठाउने अवसर पाउँछ, त्यो राज्यको नियन्त्रणभन्दा बाहिर जाने स्थिति आउनसक्छ। यस्तो समयमा बाह्य तत्वहरू विभिन्न बहानामा दृश्य वा अदृश्य रूप लिएर अराजकतालाई आफ्नो पक्षमा पार्न उद्यत रहन्छन्। जसले गर्दा सरकार मात्रै होइन सिङ्गो भूगोलको स्वरूप खल्बलिने अवस्था आउन सक्छ। हेक्का राख्नु पर्छ, बाह्य तत्वहरूले खेल्ने खेल सशरीर उपस्थिति जनाएर खेल्दैनन्। उनीहरूले प्रयोग गर्ने भनेको मुलुकभित्र रहेका विभिन्न व्यक्ति, समुदाय र संस्था नै हुन्। पूर्वी युरोप, एसिया, अफ्रिका र दक्षिण अमेरिकाका कतिपय देशले भोगेका नियतिबाट नेपालको कर्मचारीतन्त्रले पाठ लिनु जरुरी छ।

राष्ट्रिय संवेदनशीलताका विविध पक्ष- जस्तो राष्ट्रिय हितको संरक्षण, राष्ट्रिय सुरक्षाको संवर्धन, भिन्न भिन्न सामाजिक-सांस्कृतिक भावनाको सन्तुलन, शासन सञ्चालनका संवेदनशील र सुरक्षासम्बन्धी विषयउपरको गोपनीयतालाई दृढतापूर्वक पालना गर्ने र कुनै पनि शासकीय क्रियाकलापलाई राष्ट्रिय सुरक्षाको कोणबाट गहिरोसँग बुझेर मात्र कार्यान्वयन गर्नुपर्नेमा कमजोरी देखिएका छन्।

### कार्यान्वयन पक्ष

सिद्धान्त जतिसुकै असल भए पनि त्यसको कार्यान्वयन पक्ष कमसल भयो भने उक्त असल सिद्धान्तको कुनै अर्थ रहँदैन। प्रणालीलाई व्यवहारमा कार्यान्वयन गर्ने हात र दिमाग अब्बल दर्जाका भए भने उक्त सिद्धान्त र प्रणाली आफैँमा श्रेयस्कर ठहरिन्छ। अहिले नेपालको कर्मचारीतन्त्रउपर विभिन्न क्षेत्रबाट आलोचना आइरहेको सुनिन्छ र पढिन्छ। कर्मचारीतन्त्रलाई जसरी आलोचना गरिन्छ, के त्यही स्तरमा यो तन्त्र पुगेकै हो ? सरसर्ती हेर्दा गरिएका आलोचनालाई प्रतिवाद गरेर सत्य तथ्य देखाउन सकेको पाइँदैन। यद्यपि कर्मचारीतन्त्र सिप, ज्ञान र अनुभवको भण्डार हो। परिचालित हुने हात र दिमाग अब्बल स्तरका छैनन् भन्नु उक्त संस्थालाई अवमूल्यन गर्नु हो। अन्तर्राष्ट्रिय स्तरमा काम गर्ने नेपालीको सक्षमता यस सन्दर्भमा मननीय छ तर कार्यान्वयन तहमा लक्षित उद्देश्यको परिणामसँग जोडघटाउ गर्दा यो कर्मचारीतन्त्र जनताको विश्वासको केन्द्र बन्न सकेको छैन। जबसम्म जनविश्वास हासिल हुँदैन, तबसम्म कर्मचारीतन्त्रमा सिप, ज्ञान र दक्षताको भण्डार छ भन्ने यथार्थतालाई प्रमाणित गर्न सकिँदैन। अवधारणागत हिसाबबाट चाहे नयाँ सार्वजनिक सेवाको कुरा गरौँ वा सार्वजनिक मूल्य व्यवस्थापनबारे छलफल गरौँ- सबै विषय त्यसको कार्यान्वयन पक्षको सफलता वा असफलतासँग जोडिन्छ।

कतिपय सेवाग्राही भन्छन् हामीले समयभित्रै सेवा पाउँदैनौँ। सेवा पाउनका लागि 'मेवा' दिनु पर्छ। अख्तियार दुरुपयोग अनुसन्धान आयोगका प्रतिवेदनले पनि त्यस्तै भनिरहेका छन्। हो त्यस प्रकारको अवस्था व्यापक छ भन्ने होइन। कुरा यति मात्र हो-यो एउटा यस्तो सूचक हो, जसले कर्मचारीतन्त्रको सेवा भावनालाई निस्तेज पार्न पर्याप्त छ। कर्मचारीको सोच र व्यवहारले कर्मचारीतन्त्रको परिपक्वता र व्यावसायिकतालाई प्रतिबिम्बित गर्छ। सोचले व्यवहारको कुशलतालाई बढाउने गर्छ। सकारात्मक सोच र जिम्मेवारी बोधको जुन भावना हो, त्यसले कार्यान्वयात्मक पक्षलाई बलियो बनाउँछ। त्यसैले त म्याक्स वेबरले कर्मचारीले काम गर्दा व्यक्तिगत भावना, रुचि वा पूर्वाग्रह नदेखाई तटस्थ र नियम अनुसार निर्वैयक्तिक भएर सार्वजनिक नीतिको कार्यान्वयन गर्नुपर्नेमा जोड दिएका थिए। उनको विचारमा कर्मचारीतन्त्रले राष्ट्रिय हितको संरक्षण र संवर्धन गर्नेबाहेकका वैयक्तिक लाभ लिने उद्देश्यले पर्दापछाडि वा अगाडि बसेर कानुन निर्मातालाई प्रभाव पार्ने काम गर्नु हुँदैन। यसबाट राजनीतिक तटस्थताको जुन कर्मचारीतन्त्रका मूल्य र मान्यता हुन्, तिनको क्षयीकरण हुन्छ। यसले गर्दा कर्मचारीतन्त्रलाई हेर्ने जनमानसको दृष्टिकोणमा नकारात्मक परिवर्तन आउने र कर्मचारी र जनताबिचमा दुरी बढ्दै जाने स्थिति आउँछ। यस्तो स्थितिले सुशासकीय अभ्यासलाई रुग्ण बनाउँछ।

कर्मचारीको एउटा सानो कमजोरीले सेवा प्रवाहको प्रभावकारिता र विश्वसनीयतामा चिरा पर्न जान्छ। निर्वाचित सरकारको दृष्टिमा कर्मचारी बेकम्मा छन् भन्ने मनोविज्ञान जन्मिन्छ, जन्मिएको पनि छ। त्यसैले त कर्मचारीले सहयोग नगरेको कुरा राजनीतिक नेतृत्व तहमा रहनेले उठाउने गर्छन्। उठान भएको यो विषय पूरै सही हो भन्न सकिँदैन तर सबै गलत हो भन्ने ठाउँ पनि छैन।

कर्मचारीहरूले नियम कानुनभन्दा बाहिरको विषयउपर पनि 'माथिको आशय' अनुसार हुन्छ, गर्न सकिन्छ वा यसरी मिलाउन सकिन्छ भन्दै कानुनविपरीतका काममा अडान लिन नसक्दा कर्मचारीहरू आलोचनाको सिकार बन्न पुगेका छन्। परिणामतः सार्वजनिक नीतिको कार्यान्वयन पक्ष फितलो हुन गएको हो। अर्कोतिर नियम कानुनमा रहेको व्यवस्था अनुसारकै काम गर्न पनि डराउने, कलम घरमा राखेर कार्यालय आउने, फाइलमा निर्णय गर्न नखोज्ने, आफ्नो टेबुलको फाइल कि माथि पठाइदिने कि तल ओरालिदिने वा मन्त्रीपरिषद्‌सम्म पुऱ्याउने प्रवृत्तिले कर्मचारीतन्त्रको क्षमतालाई चुनौती दिएको छ। प्रशासनलाई अभिभावकत्व दिनेले यसतर्फ संवेदनशील हुनु जरुरी छ।

# एक्सेल बैंक र एनसीएचएलबीच सम्झौता



झापा(प्रस)।एक्सेल डेभलपमेन्ट बैंक र एनसीएचएलबीच संझौता भएको छ। NPS–NCS तथा Domestic Card Scheme (NEPALPAY Card) को प्रिन्सिपल मेम्बरसिप तथा NEPALPAY QR मा अन्तरदेशीय भुक्तानीका लागि सम्झौता भएको हो । उक्त सम्झौता पत्रमा बैंकका तर्फबाट प्रमुख कार्यकारी अधिकृत डा इन्द्रकुमार कट्टेल तथा एनसीएचएलका तर्फबाट प्रमुख कार्यकारी अधिकृत निलेशमान सिंह प्रधानले हस्ताक्षर गरेका छन् ।

एनसीएचएलले हालै ल्एक्-ल्ऋक को पूर्वाधारको तयारी पूरा भएको घोषणा गर्दै बैंक वित्तीय संस्थाहरुलाई नेपालको आफ्नै डोमेस्टिक कार्ड स्किम NEPALPAY Card इस्यूइङ्ग र अक्वायरिङ्गका लागि आफ्नो स्विच इन्टिग्रेट गर्न आग्रह गरेसँगै बैंक वित्तीय संस्थाहरु NPS–NCS र NEPALPAY Card मा आवद्ध भइरहेका छन् । NEPALPAYपूर्वाधारको कमर्सियल रोलआउटपश्चात् एक्सेल डेभलपमेन्ट बैंकले ग्राहकहरुका लागि उक्त कार्ड इस्यू तथा अक्वायर गर्न सक्नेछन् ।

NPS–NCS लाई विभिन्न कार्ड स्विचहरुबीच अन्तर आबद्धता कायम गर्दै डोमेस्टिक कार्ड कारोबारहरुको राउटिङ्ग र सेटलमेन्टको लागि एक सेन्ट्रल कार्ड स्विचको रुपमा स्थापना गरिँदैछ । उक्त प्रणालीको पूर्ण कार्यान्वयनपश्चात् डोमेस्टिक कार्ड कारोबारहरूको लागत घटाउने, डाटा लोकलाइजेशन सुनिश्चित गर्ने र डिजिटल इकोसिस्टममा नवीनतम उपकरणहरुको विकास तथा प्रवर्द्धन हुने अपेक्षा गरिएको छ।

यस सम्झौताअन्तर्गत नेपालमा रहेका NEPALPAY QR तथा यसका interoperable QR को मर्चेन्ट QR मा Alipay+को नेटवर्कमार्फत भुक्तानी गर्न सकिने छ ।चाइना, हङ्गकङ्ग, सिंगापुर, मलेसिया, इन्डोनेसिया, फिलिपिन्स, मङ्गोलिया, थाईल्याण्ड, साउथ कोरिया, स्वीडेन, इटली, अष्ट्रीया, जर्मनीलगायतका देशहरुबाट नेपाल आएका पर्यटकहरुले डोमेस्टिक वालेटमार्फत नेपालमा रहेका NEPALPAY QR तथा यसका interoperable QR मा सजिलै भुक्तानी गर्न सक्नेछन् । Alipay+को नेटवर्कमा ६६ वटा विभिन्न ग्लोबल मार्केटअन्तर्गत ३० भन्दा बढी इसुइङ्ग उपकरण, ३०० भन्दा बढी acquiring network, ९ करोडभन्दा बढी ग्लोबल मर्चेन्टहरु आबद्ध रहेका छन् । Alipay+को नेटवर्कमा Alipay China, OCBC, Changipay,Gcash, AlipayHK, Hipay, KakaoPay, TossPay, NaverPay, TnGD, PBB, TrueMoney,Mpay, Tinaba मार्फत अन्तरदेशीय भुक्तानीहरु गर्न सकिने व्यवस्था रहेको छ ।

एनसीएचएलले ५४ भन्दा बढी बैंक तथा वित्तीय संस्थाहरू, अधिकांश पीएसओ र पीएसपी, र १००भन्दा बढी गैर-बैंकिङ्ग सदस्यहरूलाई विभिन्न राष्ट्रिय भुक्तानी प्रणालीहरू सञ्चालन गरी सेवा प्रदान गर्दै आएको छ। NPS–NCS र NEPALPAY Card को कार्यान्वयनले नेपालको कार्ड इकोसिस्टमलाई थप उचाईमा पुऱ्याउने अपेक्षा गरिएको छ ।

नेपालका अग्रणी विकास बैंकहरुमध्येको एक्सेल डेभलपमेन्ट बैंकले देशभरी रहेका ४७ वटा शाखा तथा ३ एटीएम टर्मिनलमार्फत ग्राहक वर्गलाई अत्याधुनिक बैंकिङ्ग तथा वित्तीय सेवाहरु प्रदान गर्दै आइरहेको छ ।

# खानेपानी मन्त्रालयको बजेटमा हर्क साम्पाङको माग पनि सम्बोधन






झापा(प्रस) । खानेपानी मन्त्रालयको बजेटमा धरान उपमहानगरपालिकाका मेयर हर्क साम्पाङले राख्दै आएको माग पनि समेटिएको छ । मन्त्रालयको बजेटमा धरान उपमहानगरपालिकामा कोशी नदीको पानी लैजाने योजना परेको हो ।
यसका लागि संघीय रूपमा कार्यान्वयन हुनेगरी सरकारले ४ करोड रुपैयाँ विनियोजन गरेको छ । कोशीको पानी ल्याउन संघीय सरकारले पैसा दिनुपर्ने भन्दै साम्पाङ केही महिनाअघि रित्तो गाग्री बोकेर काठमाडौँ गएका थिए ।
त्यतिबेला उनले सिंहदरबारमा गएर सम्बन्धित मन्त्री र अधिकारीहरूलाई भेटेर ध्यानाकर्षण गराएका थिए । त्यतिबेला दिइएको आश्वासनअनुसार मन्त्रालयमार्फत बजेट विनियोजन गरिएको हो ।
मन्त्रालयअन्तर्गत आगामी वर्ष कुल १० अर्ब ६६ करोड रुपैयाँ बराबरको कार्यक्रम सञ्चालन हुने भएको छ । संघीय कार्यक्रमअन्तर्गत सञ्चालन हुने साढे ५ सयभन्दा बढी आयोजना लागि सो बराबरको रकम विनियोजन गरिएको हो ।
त्यसमध्ये एउटा जिल्लाका लागि १ अर्ब ४१ करोड देखि १ करोड ९५ लाख रुपैयाँसम्म विनियोजन भएका छन् ।
मन्त्रालयको वार्षिक कार्यक्रम सूचीअनुसार, अधिकांश बजेट सुगम र केही ठूला जिल्लाहरूमा केन्द्रित भएको देखिन्छ । विकट तथा कर्णाली प्रदेशका केही जिल्लाले भने न्यून रकम पाएका छन्।
काठमाडौँ जिल्लाका लागि सर्वाधिक ५९ वटा आयोजनाका लागि १ अर्ब ४१ करोड रुपैयाँ विनियोजन भएको छ ।
त्यस्तै, झापामा एकल जिल्लातर्फ हेर्दा, झापाले सबैभन्दा बढी बजेट पाएको छ । उक्त जिल्लाले ११ वटा आयोजनामा ५५ करोड १४ लाख रुपैयाँ पाएको छ। त्यसपछि चितवनले ४६ आयोजनाका लागि ४६ लाख रुपैयाँ पाएको छ । रुपन्देहीले ६ आयोजनाका लागि ३७ करोड २३ लाख रुपैयाँ पाएको छ । मोरङले १० आयोजनाका लागि ३५ करोड ७३ लाख पाएको देखिन्छ ।
उता रसुवाले संघीय रूपमा कार्यान्वयन हुनेगरी सबैभन्दा कम अर्थात् जम्मा १ करोड ९५ लाख रुपैयाँ मात्रै बजेट पाएको छ । मुस्ताङ, मनाङ, रुकुम (पश्चिम), कालीकोट सल्यान र दार्चुलाले ३ करोड हाराहारीमा बजेट पाएका छन् ।
सरकारका मन्त्रीहरूले योजनालाई आफ्नै क्षेत्रमा केन्द्रित गर्ने प्रवृत्तिबिच खानेपानी मन्त्रालयमा यस्तो देखिएको छैन । वार्षिक कार्यक्रम अनुसार संघीय निकायबाट कार्यान्वयन हुनेगरी खानेपानीमन्त्री प्रदीप यादवको गृह जिल्ला पर्सामा ११ करोड ५४ लाखको ५ वटा आयोजना प्रस्तावित गरिएका छन् । यो धेरै बजेट विनियोजन भएका जिल्लामध्ये ४२ औँ स्थानमा छ ।

# नेता शास्त्रीको निधनमा कांग्रेसले तीन दिन शोक मनाउने



झापा(प्रस)। नेपाली कांग्रेसले पार्टीका पूर्वकेन्द्रीय सदस्य, पूर्वमन्त्री एवं समाजवादी चिन्तक ढुण्डिराज शास्त्रीको निधनप्रति दुःख व्यक्त गर्दै तीन दिन शोक मनाउने निर्णय गरेको छ।

कांग्रेसको बुधवार बसेको आकस्मिक केन्द्रीय कार्यसमिति बैठकले उनको निधनमा शोक प्रस्ताव पारित गर्दै यही असार ४, ५ र ६ गते तीन दिनसम्म पार्टीको केन्द्रीय कार्यालय, प्रदेश कार्यालय र जिल्ला कार्यालयमा झण्डा आधा झुकाउने निर्णय गरेको हो।
बैठकले असार ५ गते केन्द्र, प्रदेश र जिल्लाका सबै कार्यालय बन्द गर्ने, स्वर्गारोहणको १३ औं दिनसम्म केन्द्र, प्रदेश र जिल्ला कार्यालयहरूमा शोक पुस्तिका राख्ने र स्वर्गारोहणको १३ औं दिनमा सम्बन्धित जिल्लामा शोक सभा आयोजना गर्ने निर्णय गरेको पार्टीका मुख्यसचिव कृष्णप्रसाद पौडेलले जानकारी दिए।नेता शास्त्रीको काठमाडौं मेडिकल कलेजमा उपचारका क्रममा ८९ वर्षको उमेरमा निधन भएको हो।
बैठकमा नेता शास्त्रीको आत्माको चीरशान्तिको कामना गर्दै एक मिनेट मौन धारण गरिएको उनले बताए।
विद्यार्थी जीवनदेखि नेपाली कांग्रेसको राजनीतिमा सक्रिय रहँदै आएका स्व. शास्त्रीले प्रजातन्त्र पुनःस्थापनाको संघर्ष र आन्दोलनका क्रममा जेल जीवन र लामो समय भारत प्रवासमा जीवन बिताएका थिए।
स्व. शास्त्री जननायक बिपी कोइरालाका अनुयायी, समाजवादी चिन्तक र प्रजातान्त्रिक समाजवादका व्याख्याता समेत थिए।
अर्घाखाँचीको किमडाँडामा वि.सं १९९३ जेठ २५ गते जन्मेका स्व शास्त्री पटक पटक पार्टीको केन्द्रीय सदस्य हुनुका साथै विसं २०४८ र विसं २०५१ को आमनिर्वाचनमा अर्घाखाँची जिल्ला निर्वाचन क्षेत्र नं २ बाट प्रतिनिधिसभा सदस्यमा निर्वाचित भएका थिए।

नेता शास्त्रीको राष्ट्रियता, प्रजातन्त्र र समाजवादप्रतिको निष्ठा, अटल आस्था र समर्पणप्रति कांग्रेसले उच्च सम्मान प्रकट गरेको छ।
उनको निधनबाट कांग्रेसले एक वौद्धिक, अग्रज र अनुभवी राजनीतिज्ञलाई गुमाएको मुख्यसचिव पौडेलले उल्लेख गरे।
स्व शास्त्रीको बुधवार नै पशुपतिस्थित आर्यघाटमा दाहसंस्कार गरिएको पार्टी कार्यालयले जनाएको छ।

# पुँजीगत खर्चमा सुस्तता कायमै




झापा(प्रस) । कोशी प्रदेश सरकारले चालु आर्थिक वर्ष (२०८१-८२) को जेठ मसान्तसम्म कुल बजेटको ५७ प्रतिशत अर्थात् २० अर्ब ११ करोड रकम खर्च गरेको छ ।
आर्थिक मामिला तथा योजना मन्त्रालयका अनुसार प्रदेशले राजस्व सङ्कलनमा उल्लेखनीय प्रगति गरेको छ, तर विकास निर्माणसँग सम्बन्धित पुँजीगत खर्चले भने अझै गति लिन सकेको छैन ।
प्रदेश सरकारले चालु आर्थिक वर्षका लागि कुल ३५ अर्ब २७ करोड ९३ लाख रुपैयाँको बजेट ल्याएको थियो । मध्यावधि समीक्षामा भने चालु आर्थिक वर्षको बजेट ३१ अर्ब ५८ करोड ९९ लाखमा सीमित गरिएको छ । सो रकममध्ये पनि साढे २८ अर्ब हाराहारीमात्रै बजेट खर्च हुने प्रदेश सरकारको अनुमान छ ।
त्यसो हुँदा असार महिनाभित्रै प्रदेश सरकारले ८ अर्बभन्दा बढी रकम खर्च गर्नुपर्ने देखिएको छ । गत आर्थिक वर्षको जेठ मसान्तसम्ममा भने ५४.८ प्रतिशत बजेट खर्च भएको थियो ।
यस वर्षको समग्र खर्च प्रतिशतमा सामान्य सुधार भने देखिएको छ । जेठ मसान्तसम्ममा चालु खर्चतर्फ ५६.२ प्रतिशत अर्थात् ७ अर्ब ३२ करोड ९९ लाख र पुँजीगत खर्चतर्फ ४९.२ प्रतिशत अर्थात् ८ अर्ब ५३ करोड २० लाख खर्च भएको छ ।
प्रदेश सरकारले चालु खर्चका लागि १३ अर्ब ४ करोड ४० लाख र पुँजीगत खर्चका लागि १७ अर्ब ३५ करोड ८८ लाख रुपैयाँ विनियोजन गरेको थियो । यस्तै स्थानीय तह अनुदानका लागि छुट्ट्याएको ४ अर्ब ८५ करोड ६५ लाखमध्ये हालसम्म ८७.५ प्रतिशत अर्थात् ४ अर्ब २४ करोड ८१ लाख खर्च भएको छ ।
आर्थिक वर्ष सकिन एक महिनामात्र बाँकी रहँदा पुँजीगत खर्च ५० प्रतिशत पनि नपुग्नुले विकास आयोजनाहरूको कार्यान्वयन सुस्त रहेको र 'असारे विकास'को प्रवृत्ति यस वर्ष पनि दोहोरिने देखिएको छ ।

## विद्युत् ...

व्यवस्था भएको बताएको छ।
'अहिले हामी सबैले प्रयोग गर्ने विद्युत् नेपाल विद्युत् प्राधिकरणबाट तोकिएको दरमा लिन्छौं । तर, विद्युत् प्रणालीमा खुल्ला पहुँच लागू भएको अवस्थामा हाललाई ठुला-ठुला विद्युत् उपभोक्ताहरूले प्राधिकरण बाहेकका निजी विद्युत् उत्पादक कम्पनीहरूसँग सिधै विद्युत् खरिद-बिक्री सम्झौता गरी सहमतिमा आधारित दरमा बिजुली खरिद गर्न सक्ने अधिकार प्राप्त गर्नेछन् ।
यसरी खरिद गरिएको विद्युत् प्रसारण तथा वितरण लाइनमार्फत आपूर्ति गरिनेछ । सो प्रयोग गरेबापतका लागि सम्बन्धित शुल्क जस्तैः प्रसारण शुल्क, व्हिलिङ् शुल्क, डेभियेसन शुल्क, आदि तिर्नुपर्ने हुन्छ,' आयोगले जारी गरेको सार्वजनिक सूचनामा भनिएको छ ।
नेपालको विद्युत् क्षेत्रमा लगानी आकर्षित हुने, विद्युत् क्षेत्रलाई प्रतिस्पर्धी बनाउन सहयोग पुग्ने, विद्युत् सेवा प्रदायकको जोखिम न्यूनीकरण गर्न सहयोग पुग्ने र निजी क्षेत्रलाई अन्तर्राष्ट्रिय बजारमा विद्युत् बिक्री गर्न मार्ग प्रशस्त हुने सूचनामा उल्लेख छ ।

# निजामती विधेयक असार १५ अघि संसद्मा प्रस्तुत नहुने

झापा(प्रस) । 'संघीय निजामती सेवाको गठन, सञ्चालन र सेवाको शर्त सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८०' असार १५ गते अगाडि प्रतिनिधिसभामा निर्णयार्थ प्रस्तुत नहुने भएको छ ।
संघीय संसद् सचिवालयका असार १४ गतेसम्मका लागि तय गरेको कार्यतालिकामा यो विधेयकमाथि छलफल र पारित गर्नका लागि पेस गर्ने कार्यसूची छैन । सचिवालयले सार्वजनिक गरेको कार्यतालिकामा अब असार १४ गतेसम्म प्रतिनिधिसभा बैठक ५, ६, ७, ८, ९, १० र १४ गते बस्नेछ ।
त्यसमा बजेटसम्बन्धी विषयबाहेक राज्य व्यवस्था तथा सुशासन समितिको प्रतिवेदनसहित नेपाल नागरिकता (दोस्रो संशोधन) विधेयक,२०८१' छलफल र निर्णयार्थ प्रस्तुत गर्ने कार्यसूचीमात्रै समावेश गरिएको छ ।
सभामुख देवराज घिमिरेका प्रेस संयोजक शेखर अधिकारीले निजामती कर्मचारी विधेयक असार १४ गतेसम्मको कार्यतालिकामा नराखिएको बताए । 'बजेट पास गर्ने चाप छ । त्यसैले निजामती कर्मचारीसम्बन्धी विधेयक परेको छैन । अब १५ गते पछाडिको कार्यतालिकामा मात्रै पर्ला,' प्रेस संयोजक अधिकारीले भने ।

## सुपर काईनेटिक एक्सप्रेस कुरियर

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चिठि, पत्र, पार्सल पठाउन परे हामिलाई सम्झनुहोस् ।
**बिगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर**

**सम्पर्क:**
**फोन: ०२३-५४०४७८**
**मो: ९८५२६७७३५५**
**बिर्तामोड (सिटि सेन्टर), झापा, अदुवा खोला छेउ**

## वर्गीकृत विज्ञापन संकलन केन्द्रहरु :

| चन्द्रगढी, भद्रपुर | दमक | मेचीनगर | उर्लाबारी | इलाम, मंगलबारे | काकँरभिट्टा | झापा बजार |
|---|---|---|---|---|---|---|
| लोकबहादुर कुँवर : ९८४२६८३९९६<br>द्रोण अधिकारी : ९८४२६२८७९१ | विष्णु सुब्बा : ९८५२६७०१३७<br>देविबहादुर बस्नेत : ९८१७९२४६२१ | चारआली : ९८४२७०३०१३<br>गोबिन्द घिमिरे :<br>९८१५९५०१५० | रुपेन्द्र शेर्मा : ९८४२०९२४०६<br>विराटनगर<br>क्रिएटिभ आई: ०२१-५२५६१० | रणवीर लिम्बू<br>९८१६९८४७५७ | फ्रेन्डसिप पुस्तक पसल<br>०२३-५६२४२४ | बरत राजवंशी<br>९८१७०४९००१ |

## आजको राशिफल

**मेष** नयाँ वस्त्र र अलङ्कारको प्राप्ति पनि हुनसक्छ ।मनोरञ्जनमा सहभागिता भइनेछ

**वृष** महत्वपूर्ण कामको थालनी हुनेछ । कुनै कुराले मनमा शान्ति छाउनेछ ।

**मिथुन** आज रमाइलो यात्राको सम्भावना छ । रोकिएको धन हात पर्ला ।

**कर्कट** नयाँ ज्ञान सिक्ने मौका मिल्नेछ । स्वादिष्ट भोजनको आनन्द समेत पाइएला ।

**सिंह** आज महिला वर्गबाट विशेष साथ र सहयोग मिल्नेछ । अरुलाई प्रभावित पारेर

**कन्या** मनोरञ्जनको क्षेत्रमा सफलता मिल्नेछ । शरीर भारी र मन अस्थिर रहने संकेत

**तुला** आज आम्दानी प्रशस्तै बढ्नेछ । प्रेम र दाम्पत्य जीवन सुखमय हुनेछ ।

**वृश्चिक** सामाजिक क्षेत्रबाट राम्रो सहयोग पाइनेछ ।धार्मिक तथा समाज सेवामा मन लाग्नेछ।

**धनु** आज छोटो दुरीको लाभदायक यात्रा रहला । एकपछि अर्को अवसर आउनाले मन

**मकर** घरमा अतिथिको आगमन हुनेछ । स्वास्थ्यको ख्याल गर्नु पर्नेछ ।

**कुम्भ** राजनैतिक कार्यमा सफलता मिल्नेछ । विपरीत वर्ग प्रति आकर्षण बढ्नेछ ।

**मिन** परीक्षा र पढाईमा राम्रै सफलता मिल्ला । रमाइलो यात्रा गर्ने अवसर प्राप्त हुनेछ ।